मुख्यमन्त्री

सुदूरपश्चिम प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
धनगढी, कैलाली, नेपाल
२०७४

**सुदूरपश्चिम प्रदेश सरकार**
धनगढी, कैलाली, नेपाल



## शुभकामना सन्देश

सुदूरपश्चिम प्रदेश सरकारका तर्फबाट नेपाली हिन्दु महिलाहरूको महान् पर्व हरितालिका (तीज), २०८२ को पावन अवसरमा देश-विदेशमा रहनु भएका सम्पूर्ण दिदीबहिनीहरूमा हार्दिक मंगलकामना व्यक्त गर्दछु।

भगवान् शिव र पार्वतीको पवित्र सम्बन्धलाई प्रतीक मान्दै मनाइने यस पर्वमा नेपाली नारीहरूले आफ्नो अटल श्रद्धा, विश्वास र समर्पणलाई प्रकट गर्ने गरेका छन्। हरितालिका तीजको उपवास, भक्ति र संस्कारले परिवार र समाजमा आपसी माया, करुणा र एकताको भावना जगाउने गरेको छ।

यो पर्वले नारी सशक्तीकरण, समानता, सामाजिक सद्भाव, भातृत्व र सांस्कृतिक संरक्षणलाई अझ प्रगाढ बनाउन योगदान पुगोस् भन्ने मेरो हार्दिक शुभेच्छा छ। महिलामाथि हुने विभेद, हिंसा र असमानताहरू अन्त्य गर्दै समानतामुलक, अवसरयुक्त, सभ्य र समावेशी समाज निर्माणमा यस पर्वले थप प्रेरणा दिनेछ भन्ने मैले विश्वास लिएको छु।

अन्तमा, शान्ति, समृद्धि र प्रगतिका लागि सबैलाई एकजुट गराउने भावनाले भरिएको यस हरितालिका (तीज) पर्व२०८२ ले हाम्रो साझा सांस्कृतिक ऐक्यबद्धता र सदभावलाई अझ सबल बनाउँदै सबै क्षेत्रमा महिलाको सम्मानजनक सहभागितालाई अझ सशक्त रुपमा अघि बढाउँदै सामाजिक, सास्कृतिक तथा पारिवारिक एकता र सम्वन्ध थप सुमधुर बनाउन सहयोग पुगोस् भन्ने शुभकामना प्रकट गर्दछु।

मिति:- २०८२ भदौ, १०

**कमल बहादुर शाह**
**मुख्यमन्त्री**
**सुदूरपश्चिम प्रदेश सरकार**